

राष्ट्रिय दैनिक

पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २९१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ मंसिर १ गते मंगलबार ❑ 17 Nov. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

पोखरामा डुङ्गा सयर गर्ने पर्यटकको घुइँचो, व्यवसायी उत्साहित

पोखरापत्र संवाददाता
पोखरा, ३० कार्तिक

पर्यटकीय नगरी पोखराको फेवातालमा डुङ्गा सयर गर्ने आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो लागेको छ ।

दसैँदेखि तिहार हुँदै छठ पर्वसम्मै फेवातालमा दैनिक ७ देखि ८ हजारसम्म पर्यटकले डुङ्गा सयर गर्न थालेपछि डुङ्गा व्यवसायी उत्साहित भएका छन् ।

फेवातालमा डुङ्गा सयरसँगै पछिल्लो समय कायकिङ गर्ने पर्यटकको चहलपहल पनि उत्तिकै बढेको छ । ताल किनारमा पर्यटकको भीड लाग्ने गरेको छ भने तालको बीच भागमा रहेको तालबाराही मन्दिर दर्शन गर्न जानेहरूको समेत उत्तिकै आकर्षण देखिएको छ । फेवा डुङ्गा व्यवसायी सङ्गठनका अध्यक्ष बलराम गिरीले पछिल्लो समय पर्यटकको आगमन र डुङ्गा सयर गर्ने यात्रुको सङ्ख्यामा उल्लेख्य वृद्धि भएपछि व्यवसायी उत्साहित भएको बताउनुभयो । उहाँका अनुसार घटस्थापनादेखि छठ पर्वसम्म दैनिकजसो ७ देखि ८ हजार आन्तरिक तथा बाह्य पर्यटकले फेवातालमा डुङ्गा सयर गर्ने गरेका छन् ।

दसैँलगत्तै करिब एक सातासम्म प्रतिकूल मौसमका कारण केही प्रभाव परे पनि पछिल्लो समय पर्यटकको आवागमन पुनः बढेको उहाँले



बताउनुभयो । 'हामी यतिबेला निकै उत्साहित छौँ । सोमबार पनि फेवातालमा डुङ्गा सयर गर्नेहरूको उस्तै भीड थियो । अब भोलि र पर्सि कस्तो चहलपहल हुन्छ भन्ने हेर्न बाँकी छ,' गिरीले भन्नुभयो, 'पछिल्लो समय शैक्षिक भ्रमणका लागि विभिन्न ठाउँबाट विद्यार्थीहरू पोखरा आउने क्रम पनि सुरु भएको छ । यसले हाम्रो व्यवसायमा थप उत्साह जगाएको छ ।' सङ्गठनमा आबद्ध व्यवसायीहरूले पर्यटकको चापलाई ध्यानमा राख्दै डुङ्गा व्यवस्थापन गरिरहेको अध्यक्ष गिरीले बताउनुभयो । सङ्गठनसँग हाल ८० वटा प्याडल बोट र ७६७ वटा काठका डुङ्गा रहेको उहाँले जानकारी दिनुभयो । फेवातालमा पछिल्लो समय कायकिङ गर्नेहरूको आकर्षण पनि बढ्दै गएको छ । विशेषगरी युवायुवती तथा घुम्न आएका पर्यटक कायकिङ गर्दै तालमा रमाउने गरेका छन् । तर, कायकिङ सञ्चालनमा आवश्यक मापदण्ड र नियमनको अभाव रहेको भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका छन् ।

कायकिङ गर्दा लाइफ ज्याकेट अनिवार्य गरिए पनि केही व्यक्तिले तालको बीच भागमा पुगेर फोटो तथा भिडियो खिच्ने क्रममा लाइफ ज्याकेट खोल्ने गरेको स्थानीयको भनाइ छ । यसले दुर्घटनाको जोखिम बढाउन सक्ने भन्दै उनीहरूले सम्बन्धित निकायले नियमित अनुगमन तथा प्रभावकारी नियमन गर्नुपर्ने माग गरेका छन् । त्यस्तै, आफूखुसी कायकिङ सञ्चालन गर्ने, आवश्यक मापदण्ड पूरा नगर्ने तथा राज्यलाई करसमेत नतिरी व्यवसाय सञ्चालन गर्ने प्रवृत्तिले परम्परागत डुङ्गा व्यवसायीलाई समेत समस्या परेको व्यवसायीहरूको गुनासो छ । व्यवस्थित रूपमा व्यवसाय सञ्चालन गरिरहेका डुङ्गा चालकलाई अव्यवस्थित कायकिङ गतिविधिले असर पारेको उनीहरूको भनाइ छ । फेवातालको बीच भागमा अवस्थित तालबाराही मन्दिर पुनर्निर्माण सम्पन्न भई दसैँदेखि मूल मन्दिरमै नियमित पूजाआजा तथा दर्शनका लागि खुला भएपछि दर्शनार्थीको चहलपहल पनि बढेको छ । यसले फेवातालमा डुङ्गा सयर गर्ने यात्रुको सङ्ख्या थप बढाउन सहयोग पुगेको अध्यक्ष गिरीले बताउनुभयो ।

भूकम्पका कारण मन्दिर करिब तीन इन्च ढल्किएपछि पुनर्निर्माण गरिएको थियो । करिब १ करोड ४० लाख रुपैयाँको लागतमा पुनर्निर्माण सम्पन्न भएपछि दसैँदेखि मूल मन्दिरमै पूजाआजा सुरु गरिएको हो ।

मन्दिर दर्शन गर्न आउने भक्तजनले डुङ्गा चढेर तालको बीचमा पुग्नुपर्ने भएकाले धार्मिक पर्यटकको आवागमनले समेत डुङ्गा व्यवसायमा सकारात्मक प्रभाव पारेको छ । दसैँ, तिहार र छठ पर्वसँगै लगातारका सार्वजनिक बिदा तथा शैक्षिक भ्रमणको मौसमले पोखराको पर्यटन गतिविधि थप चलायमान बनेको छ । फेवातालमा देखिएको पर्यटकको भीडले पोखराको पर्यटन व्यवसायमा आशा जगाएको छ ।

मंसिर १ गतेदेखि कांग्रेसको 'हामी तयार छौँ' अभियान

पोखरापत्र संवाददाता
पोखरा, ३० कार्तिक

नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले पार्टीको आत्मसमीक्षा, विचार, दस्तावेज र सशक्त प्रतिपक्षी भूमिकाको स्पष्ट खाकासहित आगामी मङ्सिर १ गतेदेखि 'हामी तयार छौँ' अभियान सुरु गर्न लागिएको जानकारी दिनुभएको छ ।

कांग्रेस गण्डकी प्रदेशले सोमबार पोखरामा आयोजना गरेको भेटघाट कार्यक्रममा उहाँले पार्टीका कमीकमजोरी सच्चाउँदै सशक्त रूपमा उभिन र सकारात्मक प्रतिपक्षको भूमिका निर्वाहका लागि योजना बनाउन 'हामी तयार छौँ' अभियान सञ्चालन गर्न लागिएको बताउनुभयो ।

हल्ला र कानेखुसीले पार्टी कमजोर हुने भएकाले त्यसतर्फ नलाग्न पार्टीका नेता, कार्यकर्तालाई आग्रह गर्दै महामन्त्री पौडेलले पार्टीलाई



सशक्त बनाउन आपसी सहकार्य र समन्वय आवश्यक पर्नेमा जोड दिनुभयो । कार्यविभाजन नभएका नेताहरूका लागि भूमिका दिने सन्दर्भमा पार्टीले फराकिलो दायरा निर्माण गर्ने उहाँले स्पष्ट पार्नुभयो ।

महामन्त्री पौडेलले पार्टीको आत्मसमीक्षा, विचार, दस्तावेज र सशक्त प्रतिपक्षी भूमिकाको स्पष्ट खाका बनाउन अभियान सुरु गर्न लागिएको जानकारी दिनुभयो । मङ्सिर महिनाभित्रै जिल्ला र प्रदेश अधिवेशनका साथै स्थानीय तह निर्वाचनको तयारीलाई व्यापक बनाइने उल्लेख गर्दै उहाँले शीघ्र अभियानको खाकासहितको सर्कुलर प्रदेश र जिल्ला तहमा पठाइने बताउनुभयो ।

हेमजा साहित्य महोत्सवमा ५ हजार दर्शक सहभागी गराउने लक्ष्य

पोखरापत्र संवाददाता
पोखरा, ३० कार्तिक

पोखरा २५ हेमजामा दोस्रो संस्करणको हेमजा साहित्य महोत्सव हुने भएको छ ।

साहित्य, कला, संस्कृति र सिर्जनालाई एउटै थलोमा जोड्ने उद्देश्यसहित मङ्सिर ५ र ६ गते उक्त महोत्सव हुने भएको सोमबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो ।

दुई दिन चल्ने महोत्सवमा करिब ५ हजार दर्शक सहभागी गराउने लक्ष्य राखिएको हेमजा साहित्य प्रतिष्ठान, नेपालका अध्यक्ष तथा महोत्सव अध्यक्ष सुनील गायकले बताउनु भयो । महोत्सवले हेमजाको साहित्यिक, सांस्कृतिक तथा पर्यटकीय पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको उहाँले जनाउनु भयो ।

महोत्सव कुनै एक व्यक्ति वा संस्थाको मात्रै अभियान नभई समग्र हेमजाको साहित्यिक पहिचान, सामाजिक गौरव र सांस्कृतिक समृद्धिसँग जोडिएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

नागरिकको स्वास्थ्य सेवाप्रति प्रदेश सरकार गम्भीर छः मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
लमजुङ, ३० कार्तिक

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नागरिकको स्वास्थ्य सेवाप्रति प्रदेश सरकार गम्भीर रहेको बताउनुभएको छ ।

सोमबार लमजुङको बँसीसहर नगरपालिका-८ स्थित प्रदेश अस्पतालको चौथो वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै उहाँले नागरिकलाई सहज र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन प्रदेश सरकारले अस्पतालको स्तरोन्नति, जनशक्ति व्यवस्थापन र सेवा विस्तारलाई प्राथमिकता दिएको बताउनुभयो ।

मुख्यमन्त्री पाण्डेका अनुसार प्रदेश सरकारले विभिन्न जिल्लामा रहेका १४ वटा अस्पतालको स्तरोन्नति गरिरहेको छ । प्रदेशका अस्पतालमा उपलब्ध शय्या सङ्ख्या पहिलेको २५० बाट बढाएर हाल ८५० पुऱ्याइएको जनाउँदै उहाँले सोहीअनुसार स्वास्थ्यकर्मी तथा अन्य जनशक्ति पनि थप गर्दै लगिएको उहाँले बताउनुभयो । आवश्यकताअनुसार करारमा कर्मचारी नियुक्त गरी सेवा विस्तार भइरहेको उल्लेख गर्दै उहाँले पहिलेको तुलनामा अहिले धेरै नागरिकले स्वास्थ्य सेवा प्राप्त गरिरहेको बताउनुभयो ।

प्रदेश अस्पताल बँसीसहरले धेरै नागरिकलाई स्वास्थ्य सेवा प्रदान गरिरहेको उल्लेख गर्दै मुख्यमन्त्री




पाण्डेले अस्पतालमा सिटी स्क्यान सेवा आवश्यक रहेको उल्लेख गर्नुभयो । सिटी स्क्यानलगायत अत्याधुनिक स्वास्थ्य उपकरण उपलब्ध गराउने विषयमा प्रदेश सरकारले ध्यान दिने उहाँको भनाइ छ । आगामी बजेटमा सिटी स्क्यान सेवा विस्तारका लागि प्राथमिकता निर्धारण गर्दा लमजुङ अस्पताल अग्रपङ्तिमा राखिने मुख्यमन्त्री पाण्डेले प्रतिबद्धता जनाउनुभयो । आगामी एक वर्षभित्र प्रदेश सरकारले पुनः बजेट निर्माण गर्ने अवसर पाउने भएकाले सो समयमा अस्पतालको आवश्यकता र नागरिकको चापलाई ध्यानमा राखेर आवश्यक बजेट व्यवस्थापनका लागि पहल गरिने उहाँले बताउनुभयो ।

प्रदेशमा डायलाइसिस सेवा लिन प्रतीक्षामा रहेका ८२१ जनाको सङ्ख्यालाई शून्यमा झार्ने लक्ष्यसहित प्रदेश सरकारले काम गरिरहेको उहाँले बताउनुभयो । मिर्गौलाका बिरामीले समयमै उपचार सेवा पाउने व्यवस्था मिलाउन डायलाइसिस सेवा विस्तारलाई प्राथमिकतामा राखिएको उहाँको भनाइ थियो ।

स्वास्थ्य सेवाको पहुँच सहरी तथा सदरमुकाम क्षेत्रमा मात्र सीमित नराखी ग्रामीण क्षेत्रका नागरिकसम्म पुऱ्याउने प्रदेश सरकारको योजना रहेको मुख्यमन्त्री पाण्डेले बताउनुभयो । करारमा नियुक्त स्वास्थ्यकर्मीलाई आवश्यकताअनुसार दुर्गम तथा ग्रामीण क्षेत्रमा परिचालन गरी गाउँगाउँका नागरिकलाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउने प्रयास भइरहेको उहाँले उल्लेख गर्नुभयो । प्रदेशको सीमित बजेट र न्यून आन्तरिक आम्दानीका कारण अपेक्षाअनुसार विकास निर्माण तथा स्वास्थ्य क्षेत्रको स्तरोन्नति गर्न कठिनाइ भइरहेको मुख्यमन्त्री पाण्डेको भनाइ थियो । प्रदेशको विकासका लागि ठूलो बजेट आवश्यक पर्ने भए पनि कर तथा अन्य स्रोतबाट अपेक्षित आम्दानी सङ्कलन हुन नसक्दा विकासका काममा चुनौती देखिएको उहाँले बताउनुभयो । उहाँले गण्डकी प्रदेशका लमजुङ, दमौली र स्याङ्जाका अस्पतालमा भवन निर्माण तथा स्तरोन्नति गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

यी तीन वटै अस्पतालको भवन निर्माणका लागि करिब रु दुई अर्ब रकम आवश्यक पर्ने भए पनि प्रदेश सरकारले एकै पटक उक्त बजेट विनियोजन गर्न नसक्ने मुख्यमन्त्री पाण्डेको भनाइ छ । लमजुङ अस्पतालको भवन निर्माणका लागि गत वर्ष रु ६९ करोडको योजना अघि सारिएको भन्दै विभिन्न कारणले बजेट विनियोजन हुन नसकेको उहाँले जानकारी दिनुभयो । चालु अवस्थामा कूल योजनाको २० प्रतिशत रकम विनियोजन गर्ने प्रस्ताव मन्त्रिपरिषद् बाट स्वीकृत भइसकेको उहाँले बताउनुभयो ।

प्रदेश सरकारले स्थानीय तहमा अस्पताल निर्माण तथा सञ्चालन गरेर नागरिकलाई थप स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले आगामी दिनमा स्वास्थ्य सेवालाई थप प्रभावकारी र पहुँचयोग्य बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो ।



गण्डकी 'पीएम कप महिला' क्रिकेट: कास्की र नवलपुर विजयी

पोखरापत्र संवाददाता
पोखरा, ३० कार्तिक

पोखरा रङ्गशालाको क्रिकेट मैदानमा जारी गण्डकी प्रदेशस्तरीय 'पीएम कप' महिला टी-२० छनोट क्रिकेट प्रतियोगिताको आजको खेलमा कास्की र नवलपुर विजयी भएका छन् ।

प्रतियोगिताको दोस्रो दिन लिग चरणको पहिलो खेलमा कास्कीले बागलुङलाई ८९ रन र दोस्रो खेलमा नवलपुरले पर्वतलाई ३२ रनले पराजित गरेका हुन् । प्रतियोगितामा कास्कीले लगातार दोस्रो जित निकालेको छ । कास्कीले शनिबार नवलपुरमाथि जित निकालेको थियो ।

कास्कीले दिएको १५० रनको लक्ष्य पछ्याएको बागलुङ निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै ६० रनमा समेटियो । बागलुङका लागि अनुजा सुनारले सर्वाधिक १० रन बनाउँदा अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

कास्कीकी सिमाना रेग्मीले उत्कृष्ट बलिङ गर्दै चार विकेट लिइन् । उनले चार ओभरमा एक मेडनसहित १० रन खर्चिइन् । सुशीला डिम्डुङ तामाङले दुई विकेट लिइन् ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको कास्कीले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै १४९ रन बनाएको थियो । कास्कीका लागि चन्द्रमाया बरालले सर्वाधिक ४१ रनको योगदान दिइन् । उनले ३४ बलमा चार चौका प्रहार गरिन् । कप्तान सिर्जना पौडेलले २५, रेखा तामाङले १३ र ओपनर विनिता सिग्देलले ११ रन बनाए ।

बागलुङकी अनुजा सुनारले तीन विकेट लिँदा कप्तान संरचना घिसिङले दुई तथा कुसुम राईले एक विकेट लिइन् ।

दोस्रो खेलमा नवलपुरले पर्वतलाई ३२ रनले पराजित गर्‌यो । नवलपुरले दिएको ७६ रनको लक्ष्य पछ्याएको पर्वत १३ ओभरको पहिलो बलमा ४३ रनमा अलआउट भयो । पर्वतका लागि ओपनर दीपिका सापकोटा र सुशीला भट्टराईले समान १० रन बनाए । अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

नवलपुरकी निहारिका शर्माले चार ओभरमा १४ रन खर्चेर सर्वाधिक तीन विकेट लिइन् । कप्तान श्रेया शर्मा र शिक्षा गिरीले समान दुई तथा आयुष्मा चापागाईंले एक विकेट लिइन् । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नवलपुरले निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै ७५ रन बनाएको थियो । उसका लागि वर्षा विकले सर्वाधिक २५ रन बनाइन् । उनले ४१ बलमा चार चौका प्रहार गरिन् । ओपनर धनकुमारी क्षेत्रीले १२ रन जोडिन् । पर्वतकी दीपिका सापकोटाले उत्कृष्ट बलिङ गर्दै चार ओभरमा आठ रन खर्चेर चार विकेट लिइन् । जीविका क्षेत्री र कप्तान कृषा कँडेलले समान एक विकेट लिए । प्रतियोगिताबाट छनोट हुने खेलाडीले आगामी १० औं राष्ट्रिय खेलकुद प्रतियोगितामा गण्डकी प्रदेशको प्रतिनिधित्व गर्ने आयोजक प्रादेशिक क्रिकेट सङ्घ गण्डकीका अध्यक्ष सञ्जयकान्त सिग्देलले बताउनुभयो । त्यसैगरी, मङ्सिर तेस्रो सातादेखि पोखरामा आयोजना हुने 'पीएम कप' महिला राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि पनि यसै छनोट प्रतियोगिताको प्रदर्शनका आधारमा प्रदेश टोली निर्माण गरिनेछ । 'लिग प्रणाली'मा सञ्चालन भइरहेको प्रतियोगिता आगामी मङ्सिर २ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगितामा घरेलु टोली कास्कीसहित स्याङ्जा, पर्वत, बागलुङ र नवलपुरको टोली सहभागी रहेको छ ।



झण्डा प्रदर्शनसहित देउसी भैलो खेलिँदैः तनहुँको बन्दीपुर गाउँपालिका-१ तल्लोटारमा निर्माण हुने विशाल राष्ट्रिय झण्डा सहितको पार्कका लागि रकम सङ्कलन गर्न सोमबार दमौलीमा झण्डा प्रदर्शनसहित देउसीभैलो खेलिँदै । राष्ट्रिय झण्डा पार्क निर्माण समितिले उक्त ठाउँलाई पर्यटकीय गन्तव्यस्थल बनाउन विशाल झण्डा सहितको पार्क निर्माणको कार्यलाई अगाडि बढाएको छ । तस्बिरः कृष्ण न्यौपाने/रासस

शुक्लागण्डकीमा नौ लाख ५३ हजारको फूल बिक्री

पोखरापत्र संवाददाता
दमौली, ३० कार्तिक

तिहारको अवसरमा तनहुँको शुक्लागण्डकी नगरपालिकाका किसानले सयपत्री फूल बिक्री गरेर रु नौ लाख ५३ हजार आम्दानी गर्न सफल भएका छन् ।

यस वर्ष तिहारमा नगरपालिकाभित्रका किसानले दुई हजार ७६० किलोग्राम फूल बिक्री गरेका हुन् ।

स्थानीय किसानले उत्पादन गरेको सयपत्री फूलले बजार पाएपछि उनीहरू उत्साहित भएका छन् । किसानले शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित हाटबजारबाट र आफ्नै बारीबाट फूल बिक्री गरेका थिए । स्थानीयस्तरमै उत्पादन भएको फूल उपभोक्तासम्म पुग्दा किसानलाई आम्दानीको अवसर मिलेको छ भने तिहारमा बाहिरबाट फूल ल्याउनुपर्ने बाध्यतामा कमी आएको छ । शुक्लागण्डकी नगरपालिकाका उपप्रमुख खुमबहादुर विकले स्थानीय किसानको उत्पादनले बजार पाएको बताउनुभयो । किसानले उत्पादन गरेको फूल बिक्री हुनु सकारात्मक भएको उल्लेख गर्दै उहाँले स्थानीय उत्पादनको प्रवर्द्धन र किसानलाई प्रोत्साहन गर्न बजारको पहुँच महत्त्वपूर्ण हुने बताउनुभयो ।

यस वर्ष फूल बिक्री गर्ने किसानमध्ये मुक्ति सिग्देलले सबैभन्दा बढी ६८५ किलो सयपत्री बिक्री गर्नुभएको छ । त्यस्तै सुदीप रेग्मीले ३८५ किलोग्राम, शान्ति भण्डारीले २०० किलोग्राम, सुरज वाग्लेले १७० किलोग्राम तथा ओमप्रकाश पौडेल, विनोद विश्वकर्मा र चन्द्रकला राईले जनही १५० किलोग्राम फूल बिक्री गर्नुभएको छ ।

त्यसैगरी, महेन्द्रकुमार श्रेष्ठले १२० किलोग्राम, मञ्जु श्रेष्ठले १०५ किलोग्राम र सन्तोष भट्टराईले १०० किलोग्राम फूल बिक्री गर्नुभएको छ । स्थानीय किसान सुरज वाग्लेले आफूले उत्पादन गरेको सयपत्री फूलले बजार पाउँदा उत्साहित भएको बताउनुभयो । स्थानीय उत्पादनले उपभोक्ताको माग पूरा गर्नसके किसानलाई व्यावसायिक फूलखेतीतर्फ आकर्षित गर्न सकिने उहाँले बताउनुभयो ।

तिहारमा सयपत्री फूलको माग बढी हुने भएकाले किसानका लागि फूलखेती आम्दानीको राम्रो माध्यम बन्दै गएको छ । घर, मठमन्दिर तथा विभिन्न धार्मिक र सांस्कृतिक कार्यक्रममा प्रयोग हुने सयपत्री फूलको मागलाई स्थानीय उत्पादनले सम्बोधन गर्न थालेको छ ।

दशौँ राष्ट्रिय खेलकुदको भलिबल छनोटमा बागलुङ र पर्वत च्याम्पियन

पोखरापत्र संवाददाता
पोखरा, ३० कार्तिक

आसन्न १०औँ राष्ट्रिय खेलकुदका लागि गण्डकी प्रदेशस्तरीय महिला तथा पुरुष भलिबल छनोट प्रतियोगितामा पुरुषतर्फ बागलुङ र महिलातर्फ पर्वत विजयी भएका छन् ।

गण्डकी प्रदेश भलिबल सङ्घ र प्रदेश खेलकुद परिषद् गण्डकीको आयोजनामा पोखरा रङ्गशालास्थित भलिबल प्रशिक्षण केन्द्रमा आज सम्पन्न फाइनल खेलमा पुरुषतर्फ बागलुङले स्याङ्जालाई तथा पर्वतले कास्कीलाई समान ३-१ को सेटमा पराजित गर्दै उपाधि जितेका हुन् । पुरुषतर्फको फाइनलमा बागलुङले स्याङ्जालाई २५-२३, १८-२५, २५-१९ र २५-२१ को सेटमा हरायो । त्यसैगरी महिलातर्फ पर्वतले कास्कीलाई २५-२३, २५-१०, २१-२५ र २५-१७ को सेटमा पराजित गर्दै उपाधि हात पाऱ्यो । गण्डकी प्रदेश भलिबल सङ्घका अध्यक्ष लक्ष्मण श्रेष्ठका अनुसार छनोट प्रतियोगिताबाट १०औँ राष्ट्रिय खेलकुदमा सहभागी हुने प्रदेशका महिला तथा पुरुष खेलाडीको नाम सार्वजनिक गरिनेछ । "पुरुष तथा महिलाको छनोट प्रतियोगितामा खेलाडीले गरेको प्रदर्शनका आधारमा छनोट गर्नेछौँ । छनोट भएका खेलाडीलाई केही दिन बन्द प्रशिक्षणमा राखेर राष्ट्रिय खेलकुदमा सहभागी गराउने योजना छ", उहाँले भन्नुभयो ।

पोखरामा दुई दिनसम्म सञ्चालन भएको छनोट प्रतियोगितामा गण्डकीका नौ जिल्लाको सहभागिता थियो । छनोट प्रतियोगितामा घरेलु टोली कास्कीसहित, तनहुँ, गोरखा, बाग्लुङ, नवलपुर, पर्वत, म्याग्दी, मुस्ताङ र स्याङ्जा जिल्ला भलिबल सङ्घले प्रतिस्पर्धा गरेका थिए ।

कोप-३१ मा शून्य फोहोर सम्बन्धी सम्वाद

रासस
काठमाडौं, ३० कार्तिक

जलवायु परिवर्तन न्यूनीकरण तथा दिगो फोहोर व्यवस्थापनमा शून्य फोहोर (जिरो वेस्ट) को भूमिका उजागर गर्ने उद्देश्यले क्रिएसन नेपालको आयोजनामा कोप-३१ अन्तर्गत विशेष सम्वाद कार्यक्रम सम्पन्न भएको छ ।

नेपालको राष्ट्रिय पेभिलियनमा भएको उक्त संवाद कार्यक्रममा क्रिएसन नेपालकी महासचिव रोशना सुवेदीले छलफलको सहजीकरण गर्दै दिगो फोहोर व्यवस्थापनका लागि सबै पक्षको सक्रिय, समावेशी र एकीकृत सहभागिता आवश्यक रहेको बताउनुभएको थियो । छलफलमा अफ्रिका सर्कुलरका बिएसएफ सिस्टम्स विज्ञ पिओत्र बार्चाक, दक्षिण एसिया सहकारी वातावरण कार्यक्रम (साकेप)का महानिर्देशक नोर्बु वाङ्चुक, चिलीको राष्ट्रिय फोहोर सङ्कलक सङ्घकी अध्यक्ष तथा रेडलाक्रेको अन्तरराष्ट्रिय सचिवालय सदस्य सोलेदाद मेल्ला र इन्टरएक्टिभका संस्थापक महाप्रबन्धक तथा उपाध्यक्ष एवं क्लाइमको टर्कीका कार्यकारी बोर्ड सदस्य भोल्कान उरालको सहभागिता थियो ।

छलफलमा बिएसएफ प्रणाली तथा फोहोर व्यवस्थापनका व्यावहारिक समाधान र विश्वव्यापी अनुभवमार्फत चक्रीय अर्थतन्त्रतर्फको सङ्क्रमणलाई तीव्र बनाउने उपायबारे पिओत्र बार्चाकले आफना विचार प्रस्तुत गर्नुभएको थियो ।

तीन विभागीय सहित ६ टोलीले किङ्स कप राष्ट्रिय भलिबलमा सहभागी हुने

पोखरापत्र संवाददाता
पोखरा, ३० कार्तिक

पोखरामा आयोजना हुने प्रथम किङ्स कप राष्ट्रिय आमन्त्रित पुरुष भलिबल प्रतियोगिता-२०८३ मा तीन विभागीयसहित ६ टोलीबीच प्रतिस्पर्धा हुने भएको छ ।

युनाइटेड किङ्स क्लब पोखराको आयोजनामा मङ्सिर ९ देखि १५ गतेसम्म पोखरा रङ्गशालास्थित भलिबल ट्रेनिङ सेन्टरमा प्रतियोगिता सञ्चालन हुने भएको प्रतियोगिता संयोजक थमन गुरुङले जानकारी दिनुभयो ।

प्रतियोगितामा त्रिभुवन आर्मी क्लब, सशस्त्र प्रहरी बलको एपीएफ क्लब, नेपाल पुलिस क्लब, घरेलु टोली गण्डकी प्रदेश भलिबल सङ्घ, कोशी प्रदेश भलिबल सङ्घ र रुकुम पश्चिम भलिबल प्रशिक्षण केन्द्रको सहभागिता रहने भएको उहाँले जनाउनु भयो । क्लबका अध्यक्ष अशोक गुरुङले प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको बताउनुभयो । उहाँले राष्ट्रियस्तरका उत्कृष्ट टोलीलाई पोखरामा भेला गराएर प्रतिस्पर्धा गराउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको उल्लेख गर्दै यसले पोखराको खेलकुद पर्यटन प्रवर्द्धनमा समेत योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । खेल संयोजक बुद्ध सिंहका अनुसार सहभागी टोलीहरू प्रतियोगिताका लागि तयारी अवस्थामा रहेका छन् ।

प्रतियोगितालाई व्यवस्थित र प्रतिस्पर्धात्मक बनाउन आवश्यक तयारी भइरहेको उहाँले बताउनुभयो । प्रतियोगिताको विजेता टोलीले नगद ४ लाख रुपैयाँ पुरस्कार प्राप्त गर्नेछ। उपविजेताले २ लाख ५० हजार, तृतीय हुने टोलीले १ लाख र सान्त्वना हुने टोलीले ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् । त्यस्तै, प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई २० हजार रुपैयाँ प्रदान गरिनेछ। उत्कृष्ट सर्भर, सेटर, ब्लकर, लिब्रो, स्पाइकर र प्रशिक्षकलाई जनही १० हजार रुपैयाँ पुरस्कारको व्यवस्था गरिएको सचिव अशोक थापाले बताउनुभयो ।

प्रतियोगिताका लागि क्लबले सिजनल टिकटको अग्रिम बुकिङसमेत खुला गरेको छ । सिजनल टिकटको मूल्य २ हजार ५०० रुपैयाँ निर्धारण गरिएको छ । प्रतियोगिताभरिका खेल अवलोकन गर्न चाहने दर्शकले अग्रिम टिकट बुकिङ गर्न सक्ने आयोजकले जनाएको छ ।

प्रतियोगिता सञ्चालनका लागि करिब ६० लाख ९५ हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको छ भने विभिन्न प्रायोजक, सरकारी निकाय, टिकट बिक्री, सहयोगी संस्था तथा सञ्चारमाध्यमलगायतका स्रोतबाट ७१ लाख रुपैयाँ आम्दानी गर्ने लक्ष्य राखिएको छ । भलिबल खेलको विकास, विस्तार तथा खेलाडीको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको संयोजक गुरुङले बताउनुभयो ।

यसअघि मङ्सिर १ देखि ६ गतेसम्म सञ्चालन गर्ने तय भएको प्रतियोगिता काभा पुरुष भलिबल लिगका कारण सारिएको क्लबले जनाएको छ । भारतमा नोभेम्बर १५ देखि २२ (कात्तिक २९ देखि मङ्सिर ६ गते) सम्म आयोजना हुने काभा पुरुष भलिबल लिगमा नेपाली राष्ट्रिय टोली सहभागी हुने भएपछि राष्ट्रिय खेलाडीको सहभागिता सुनिश्चित गर्न प्रतियोगिताको मिति परिवर्तन गरिएको आयोजकले जनाएको छ ।

हेमजा ...

साझा अभियान भएको उहाँको भनाई थियो । अध्यक्ष गायकले साहित्य समाजको चेतना, संवेदना र सभ्यताको ऐना भएकाले साहित्यिक गतिविधिलाई जनस्तरसम्म पुऱ्याउन सबै पक्षको सहकार्य आवश्यक रहेको उल्लेख गर्नुभयो ।

महोत्सवका निर्देशक छन्दमणि त्रिपाठीले जनमानसमा साहित्यप्रतिको रुचि बढाउन महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै उहाँले दोस्रो संस्करणलाई थप प्रभावकारी बनाउने तयारी गरिएको जनाउनु भयो । महोत्सवअन्तर्गत कविता, मुक्तक, गजल तथा लघुकथा वाचनका साथै साहित्यिक विमर्श, लोकसंस्कृति र सङ्गीतका कार्यक्रम समावेश गरिएका छन् ।

पत्रकार सम्मेलनमा नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेल, कास्की शाखाका अध्यक्ष माधव बराल लगायतकाको सहभागिता रहेको थियो ।

आयोजकले महोत्सवलाई सफल बनाउन सञ्चारमाध्यमबाट प्रचारप्रसार, रचनात्मक सुझाव तथा सकारात्मक समाचार सम्प्रेषणको अपेक्षा गरेको छ । हेमजाको माटोमा सिर्जनाका फूल फुलाउने, साहित्यका स्वर गुन्जाउने र काव्यनगरीको पहिचान देशविदेशसम्म फैलाउने उद्देश्यका साथ सबैलाई महोत्सवमा सहभागी हुनसमेत आह्वान गरिएको प्रतिष्ठानका महासचिव कोविदशरण उपाध्यायले बताउनु भयो ।



फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

सुक्तिसुधा

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ। -गीता

सम्पादकीय

जलवायु न्यायको मुद्दा सशक्त बनाउनुपर्ने खाँचो

वातावरण स्वच्छ राख्न र विनाशबाट जोगाउन तीन दशकअघि ब्राजिलको रियो दि जिनेरियोमा सम्मेलन भएको थियो। ब्राजिलमा भएको सम्मेलन पछि संयुक्त राष्ट्रसंघीय प्रयास संस्थागत हुँदै छ। बर्सेनि जलवायु सम्मेलन हुँदै आएको छ। वातावरण र जलवायुका मुद्दा उठ्दै आएका छनाविभिन्न देशले जलवायु संकटको कारण देशको अस्तित्व खतरामा परेको भन्दै विश्वको ध्यानाकर्षण गराएका छनानेपालले सगरमाथाको फेदी कालापत्थर मा मन्त्रीपरिषद्को बैठक राखेको थियो। मालदिभ्सले समुन्द्रमुनी मन्त्रिपरिषद् बैठक राखेर विश्वको ध्यानाकर्षण गराएको थियो।जलवायु संकट/समस्याका बारेमा विगतमा ३० वटा सम्मेलन शृङ्खला भइसकेका छन्। यो पटक टर्कीको ऐतिहासिक सहर अन्ताल्यामा ३१ औँ शृङ्खला भइरहेको छ।

संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी सम्मेलन (कोप-३१) कात्तिक २३ गते (नोभेम्बर ९-२०) सुरु भएको हो। अहिले जलवायु परिवर्तनको असरका गम्भीर आयाम सम्मेलनका विषयवस्तु भइरहेका छन्। अन्ताल्या विश्वमञ्च नेपालका निम्ति विशाल महत्वको रहेको छ। जलवायु कूटनीतिको यो विशाल मञ्चमा हाम्रा ताजा प्राकृतिक विपत्ले प्रवेश पाएका छन् । परराष्ट्रमन्त्री शिशिर खनाल यो विश्वमञ्चमा नेपालको नेतृत्व र प्रतिनिधित्व गरी स्वदेश फर्किएका छन । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले सम्मेलनका अनेक सत्रमा नेपालको प्रतिनिधित्व गरिरहेकी छन् । कतिपय विगतका विश्ववाचा संकटमा परेका बेला यो सम्मेलन भइरहेको छ। विश्व तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्ने विश्व लक्ष्य जोखिममा छ। केही विकसित मुलुक विश्व तापमान घटाउने विधिवचनबाट पछाडि फर्किएका छन्। जलवायु परिवर्तनको असरबाट भएका क्षति, हानिनोक्सानीले कार्बन उत्सर्जन अति न्यून भएका नेपाल जस्ता मुलुक अति प्रभावित हुँदै छन्।

गत भदौ १० गते रसुवा-भोटेकोशीमा गएको बाढी जलवायुजन्य विपत्को विश्वव्यापी पीडा हो । यसलाई विश्व सञ्चार माध्यमले हिमाली सुनामी नै भनेका छन्। तथापि हिमाली कार्यसूचीले सम्मेलनले अति बढी प्राथमिकता पाउन सकेन ।नेपालको कमजोर कुटनीति र सस्तो प्रचारवाजीलाई विश्वले पत्याएन।अनुभवीसंग सल्लाह नगर्ने हिनताबोधले गर्दा नेपालको समस्यामा विश्वले सहयोग गर्ने अवस्था बन्न सकेन । सरकारको असफलता हो। त्रिशूली कोरिडोरमा सात खर्ब रुपियाँभन्दा बढी पुनर्निर्माण लागत लाग्ने गरी क्षति भयो तर जलवायु न्यायका निम्ति नेपाललाई प्राप्त सहयोग लागतको एक प्रतिशतभन्दा पनि न्यून रह्यो। त्यसैले पनि नेपालले जलवायु न्यायको आवाज अझ बलियो बनाउनु पर्ने भएको छ। कोपमा यो आवाज बलियो बनाउने प्रयास अझ सार्थक बनाउनु छ। जलवायु परिवर्तनको असरबाट भएको क्षतिको सविवरण प्रस्तुत गर्दै हानि नोक्सानीको बलियो दाबीका साथ विश्वको साथ सहयोग लिन चुकेको छायसबाट पाठ सिकेर अझ राम्रो तरियारी गर्नुपर्नेछ। जलवायु मामिलामा नेपाल एक्लै अगाडि बढ्न चाहेको छैन।

सगरमाथादेखि समुद्रसम्मका मुलुकलाई एकीकृत आवाजमा अगाडि बढाइरहेको छ। भुटान, किर्गिस्तान, पाकिस्तान, ताजिकिस्तान जस्ता पर्वतीय मुलुकसँग सहकार्य आवश्यक छ। नेपालले जलवायु अनुकूलनलाई उच्च महत्व दिएको छ । हरित अर्थतन्त्र र हरित ऊर्जाका निम्ति सार्थक प्रयास अगाडि बढाएको छ । सामुदायिक वन, स्थानीय अनुकूलन, जैविक विविधता संरक्षण र स्वच्छ ऊर्जा रूपान्तरणका सफल अभ्यास नेपालको सम्पत्ति हुन्। नेपालले विश्व समुदायलाई यो जानकारी साझा गराइरहेको छ। सम्मेलन जारी नै छ। मङ्सिर पहिलो साता सम्पन्न हुने छ। सम्मेलनका निष्कर्ष आउन पनि बाँकी नै छन्। नेपालले हिमाली मुद्दालाई अझ प्रभावकारी तवरले प्रस्तुत गर्नुपर्ने छ । जलवायु कूटनीतिका आयामलाई फराकिलो बनाउनुपर्ने छ । सम्मेलनको निष्कर्ष दस्ताबेजमा हिमाली जलवायु परिवर्तनका असरको ताजा परिघटनालाई अद्यावधिक गर्ने कूटनीतिक प्रयास गरिरहनु पर्छ। जलवायु वित्तमा धनी र बढी कार्बन उत्सर्जन गर्ने मुलुकको योगदान बढाउनै पर्छ। जलवायु न्यायको आवाज अझ बलियो बनाउँदै आगामी विकास रणनीतिलाई पर्यावरणमैत्री बनाउनु अपरिहार्य छ।

पार्क बनाउन देउसीभैलो

पोखरापत्र संवाददाता
दमौली, ३० कार्तिक

नेपालको राष्ट्रिय झण्डासहितको विशाल पार्क निर्माणका लागि तनहुँमा देउसीभैलो अभियान सञ्चालन गरिएको छ । बन्दीपुर गाउँपालिका-१ तल्लोटारमा निर्माणाधीन झण्डा पार्कलाई पूर्णता दिन आवश्यक रकम जुटाउने उद्देश्यले स्थानीयवासीले देउसीभैलो अभियान सुरु गरेका हुन्।

अभियानअन्तर्गत बन्दीपुरका विभिन्न ठाउँमा सञ्चालित देउसीभैलोबाट रु तीन लाख ५० हजारभन्दा बढी रकम सङ्कलन भएको छ। राष्ट्रिय झण्डाको महत्व र पार्क निर्माणको उद्देश्यलाई प्रचार गर्दै स्थानीयवासी बजारका विभिन्न स्थानमा पुगेर सहयोग सङ्कलनमा जुटेका छन्। झण्डा पार्क निर्माण समितिका सचिव टीकाराम गिरीले जिल्लाका विभिन्न ठाउँमा पुगेर देउसीभैलो सञ्चालन गरिने जानकारी दिनुभयो । सो अभियानअन्तर्गत सोमबार तनहुँको सदरमुकाम दमौलीमा झण्डा प्रदर्शनसहित देउसीभैलो खेलिएको छ । निर्माण समितिका संयोजक शेरबहादुर रानाका अनुसार पार्क निर्माणका लागि आवश्यक स्रोत जुटाउन देउसीभैलो अभियान सञ्चालन गरिएको हो। बन्दीपुर-१ तल्लोटारमा निर्माण भइरहेको पार्कमा विशाल राष्ट्रिय झण्डा राख्ने योजना छ। पार्कमा ६७ फिट अग्लो झण्डाको स्तम्भ निर्माण गरी ४५ फिट लम्बाइ र ३० फिट चौडाइको राष्ट्रिय झण्डा फहराउने लक्ष्य राखिएको छ। राष्ट्रिय गौरव र पहिचानसँग जोडिएको यस योजनालाई स्थानीयवासीले सामूहिक अभियानका रूपमा अघि बढाएका छन् । पार्क निर्माणका क्रममा हालसम्म रु १५ लाखभन्दा बढीको काम श्रमदानबाट सम्पन्न भइसकेको संयोजक रानाले जानकारी दिनुभयो।स्थानीयवासीको सक्रिय सहभागिता र सामूहिक श्रमबाट निर्माणको काम अघि बढाइएको हो । आर्थिक स्रोतको अभावका बाबजुद स्थानीयको उत्साह र सहयोगले पार्क निर्माणलाई निरन्तरता दिइएको छ।

पृथ्वीराजमार्ग नजिकै पार्क निर्माण भइरहेको हुँदा यसलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने अपेक्षा गरिएको छ । पोखरा र काठमाडौँ आवतजावत गर्ने यात्रु तथा पर्यटकले सहजै अवलोकन गर्न सक्ने स्थानमा पार्क बन्ने भएकाले यसले बन्दीपुरको पर्यटन प्रवर्द्धनमा समेत योगदान पुऱ्याउने विश्वास गरिएको छ। पार्क निर्माण सम्पन्न भएपछि स्थानीय बासिन्दासँगै बन्दीपुर घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकका लागि पनि यो आकर्षणको केन्द्र बन्न सक्नेछ। विशेषगरी पृथ्वीराजमार्ग भएर यात्रा गर्ने पर्यटकलाई केही समय रोकिएर अवलोकन गर्न मिल्ने स्थलका रूपमा विकास गर्ने योजना छ।

पर्यटकीय नगरी बन्दीपुरमा पर्यटकको चाप, होटल भरिभराउ

पोखरापत्र संवाददाता
तनहुँ, ३० कार्तिक



तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा यतिबेला स्वदेशी तथा विदेशी पर्यटकको चाप अत्यधिक बढेको छ । चाडपर्वको बिदा र पर्यटकीय यामका कारण बन्दीपुरमा पर्यटकको आगमन बढेको हो । पर्यटकको चाप बढेसँगै यहाँका होटल तथा घरबास भरिभराउ भएका छन्।

पर्यटकको आगमन बढेपछि बन्दीपुर बजारमा चहलपहल निकै बढेको छ। होटलमा कोठा पाउन मुस्किल हुन थालेको छ भने बास बस्ने ठाउँ नपाएर केही पर्यटक फर्किनुपर्ने अवस्था सिर्जना भएको छ । बन्दीपुरमा कोठा नपाएपछि कतिपय पर्यटक नजिकैको दुम्रे बजारसम्म पुग्नुपर्ने अवस्था रहेको व्यवसायीले बताएका छन्। बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष राजु बानियाँका अनुसार अहिले बन्दीपुरमा पर्यटकको चाप थामिनसक्नु छ। होटल तथा घरबासमा पर्यटक भरिभराउ हुँदा व्यवस्थापन गर्न पनि कठिन भएको उहाँले बताउनुभयो।

उहाँका अनुसार बन्दीपुरमा स्वदेशी तथा विदेशी दुवै खालका पर्यटकको आगमन बढेको छ । चाडपर्वका कारण लामो बिदा हुनु र पर्यटकीय याम पनि सुरु भएकाले पर्यटकको चाप अत्यधिक बढेको हो । बन्दीपुरमा बास बस्न चाहने सबै पर्यटकलाई कोठा उपलब्ध गराउन नसकिएको उहाँको भनाइ छ। बन्दीपुरमा रहेका होटल तथा होमस्टेमा गरी करिब एक हजार ४०० जनालाई बास बसाउने क्षमता रहेको छ। यहाँ करिब ८० वटा होटल र चारवटा होमस्टे सञ्चालनमा छन् । तर, पानीको समस्याका कारण होटलले आफ्नो पूर्ण क्षमताअनुसार पर्यटक राख्न नसक्ने अवस्था रहेको अध्यक्ष बानियाँले बताउनुभयो । पानीको उपलब्धताले होटल सञ्चालन र पर्यटक व्यवस्थापनमा असर पारेको उहाँको भनाइ छ।

पर्यटकको चाप बढे पनि बासको व्यवस्थापन गर्न नसक्दा केही पर्यटक बन्दीपुरमै बस्न नपाई फर्किनुपर्ने अवस्था आउनु पर्यटन व्यवसायका लागि चुनौती बनेको छ । बन्दीपुरमा उपलब्ध होटल तथा होमस्टेको क्षमता र पूर्वाधारलाई थप व्यवस्थित गर्नुपर्ने आवश्यकता देखिएको उहाँले बताउनुभयो । होटल व्यवसायी वैशबहादुर गुरुङले चाडपर्वको बिदाका कारण बन्दीपुरमा पर्यटक ओइरिएको बताउनुभयो । बिदाको समय घुमफिरका लागि उपयुक्त हुने भएकाले परिवार तथा साथीभाइसँग आउने आन्तरिक पर्यटकको सङ्ख्या बढेको उहाँको भनाइ छ । पर्यटकको चाप बढ् दा होटल व्यवसायमा उत्साह थपिएको भए पनि सबैलाई कोठा उपलब्ध गराउन कठिन भएको उहाँले बताउनुभयो । बन्दीपुरको प्राकृतिक सौन्दर्य, मौलिक संस्कृति, ऐतिहासिक बजार र हिमशृङ्खलाको दृश्यावलोकनका कारण यो ठाउँ पर्यटकको रोजाइमा पर्दै आएको छ । विशेषगरी बिदाको समयमा परिवारसहित घुम्न आउने आन्तरिक पर्यटकको आकर्षण बढ्ने गरेको छ। विदेशी पर्यटक पनि बन्दीपुरको पुरानो बजार, स्थानीय जीवनशैली र प्राकृतिक वातावरणको अनुभव लिन पुग्ने गरेका छन्। पर्यटकको बढ्दो आगमनले होटल, रेस्टुरेन्ट, होमस्टे तथा स्थानीय व्यवसायमा आर्थिक गतिविधि बढाएको छ।

खड्गदेवी मन्दिर, थानीमाई मन्दिर, महालक्ष्मी मन्दिर, सिद्धगुफा मणि मुकुन्दसेन पैदलयात्रा (मिनी ग्रेटवाल), तीनधारा, झरना र पानीको फोहरा, टुँडिखेल, मणिमुकुन्द सेन दरबार र पदम पुस्तकालयलाई गाउँपालिकाले प्रमुख गन्तव्यका रूपमा सूचीकृत गरेको छ । भक्तपुरे शैलीमा निर्माण गरिएको घरहरू, टुँडिखेल, थानीमाई, तीनधारा, रानीबन, रामकोट, सुनखरी, खड्देवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्र लगायतका स्थलहरू यहाँ आउने पर्यटकहरूको आकर्षणको केन्द्रबिन्दु बन्ने गरेको छ।

दुई नामथर र जन्म मिति भएको व्यक्ति एउटै भएको सूचना



जिल्ला स्याङ्जा, बिरुवा गाउँपालिका वडा नं ०४ निवासी भारतीय भू.पू. सैनिक नं JC 623158 M का धन प्रसाद शर्माको श्रीमतीको ना.प्र.मा नामथर सावित्री शर्मा, जन्म मिति २०२१/०५/१५ (30-08-1964 A.D), बाबुको नामथर विनिमहादेव भएको र सैनिक अभिलेखमा नामथर सावित्री देवी, जन्म मिति २०१६/११/०२ (14-02-1960 A.D) भई फरक परेकोले फरक फरक नामथर र जन्म मिति भएतापनि व्यक्ति एउटै भनी सोही सम्वन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं २८५ मिति २०८३/०६/२६ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

जिल्ला प्रशासन कार्यालय, स्याङ्जा

सर्टिफिकेट हराएको सूचना

कुँडहरदेखि महेन्द्रपुल जाने क्रममा निम्न सर्टिफिकेटहरु हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला।

Name: Sajhna Devi Gurung
SEE Symbol No: 0415068D
Citizenship No: 141335
Nursing Registration No: 921
Academy tranenpt: 139-6-204731-2013
Contact: 9846290102
Address: Bajapatan, Pokhara-13

सर्टिफिकेट हराएको सूचना

कुँडहरदेखि महेन्द्रपुल जाने क्रममा निम्न सर्टिफिकेटहरु हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला।

Name: Sheesam Gurung
Registration No: 63188
Citizenship No: 46-01-76-04962
CTEVT Certificate No: 01397-017
SEE Symbol No: 0412611Q
Migration Serial No : M 0319688
Contact: 9717874972
Address: Bajapatan, Pokhara-13

तपाईको आज

मेष	: स्वास्थ्यमा सुधार	तुला	: व्यापारमा लाभ
वृष	: शुभ यात्रा	वृश्चिक	: अप्रत्यासित लाभ
मिथुन	: आर्थिक समस्या	धनु	: शारीरिक झमेला
ककर्ट	: कार्यमा सफलता	मकर	: सत्कार मिल्नेछ
सिंह	: झमेला बढ्ने	कुम्भ	: मानसिक तनाब
कन्या	: शत्रुको भय	मीन	: सहयोग मिल्नेछ

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

मुस्ताङको ठिनी खोला पुल उद्घाटन

पोखरापत्र संवाददाता
मुस्ताङ, ३० कार्तिक



जिल्लाको घरपझोङ गाउँपालिकाको पाँचै वडा जोड्ने चक्रपथ सडकअन्तर्गत ठिनी खोलामा नवनिर्मित पक्की पुल उद्घाटन गरिएको छ।

गण्डकी प्रदेशका भौतिक पुर्वाधार विकासमन्त्री नन्दप्रसाद न्यौपानेले रु चार करोड ४६ लाखको लागतमा तयार भएको उक्त पुलको सोमबार उद्घाटन गर्नुभएको हो । मन्त्रालय अन्तर्गत लम्बाइ ३५ मिटर र ८.४ मिटर चौडाइको उक्त पुल निर्माणपछि पर्यटकीय गन्तव्य ढुम्बाताल, ढुम्बा, सम्ले, छैरो, चिमाङ, ठिनी र मार्फा क्षेत्रमा बाह्रै महिना सडक आवागमनमा सहज हुनेछ।

सुमन थापा सिञ्जालीमगरलाई युवा पत्रकारिता पुरस्कार

पोखरापत्र संवाददाता
पोखरा, ३० कार्तिक



समाजसेवी मेजर लक्ष्मीप्रसाद-हुमकुमारी गुरुङ एमबिओ बिइएम टुजिआर युवा पत्रकारिता पुरस्कारबाट पोखरामा क्रियाशील युवा पत्रकार सुमन थापा सिञ्जालीमगर सम्मानित हुने भएकी छिन्।

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) कास्कीको संयोजनमा प्रदान गरिने उक्त पुरस्कार मेजर लक्ष्मीप्रसाद र हुमकुमारी गुरुङको वैवाहिक वर्षगाँठको अवसरमा मंसिर ३ गते प्रदान गरिने भएको हो।

फोनिज गण्डकीका इन्चार्ज रुद्र श्रीषमगरको संयोजकत्वमा गठित पुरस्कार छनोट समितिले सिफारिस गरेको पत्रकार सिञ्जालीमगरको नाम फोनिज कास्कीको सोमबार बसेको कार्यसमिति बैठकले अनुमोदन गरेसँगै उनलाई पुरस्कृत गरिने भएको हो । पुरस्कार छनोट समितिमा फोनिज गण्डकीका अध्यक्ष खिमकुमारी गुरुङ, उपाध्यक्ष धनबहादुर गुरुङ, फोनिज कास्कीका अध्यक्ष बिनाकुमारी थापामगर र सचिव देविका तामाङ सदस्य रहेका थिए । पुरस्कारका लागि छनोट भएकी मगरले २०६८ सालदेखि कास्कीलाई कर्मथलो बनाएर पत्रकारिता गर्दै आएकी छिन् । युनाइटेड राष्ट्रिय दैनिकबाट सञ्चार क्षेत्रमा प्रवेश गरेकी उनले जननी एफएम, बिग एफएम, परिचय डटकम, गन्थन डटकम, समाधान राष्ट्रिय दैनिक र कथालिका डटकमलगायत विभिन्न सञ्चारमाध्यममा काम गरिसकेकी छिन्। सिञ्जालीमगरले पत्रकारिता विषयमा स्नातक तहको अध्ययन पूरा गरेकी छिन्। एफएम रेडियो, अनलाइन सञ्चारमाध्यम तथा छापा पत्रकारितामा अनुभव हासिल गरेकी उनी अहिलेपनि पत्रकारिता क्षेत्रमा सक्रिय छिन्।

उनी नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) गण्डकी र नेपाल मगर पत्रकार संघ कास्कीको कोषाध्यक्ष हुन् । युवा पत्रकारितामा सक्रिय सिञ्जालीमगरलाई पत्रकारिता क्षेत्रप्रतिको योगदानको कदर गर्दै पुरस्कार प्रदान गर्न लागिएको हो।

एनपिएलको लिग चरण सकियो

रासस
काठमाडौं, ३० कार्तिक

तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट प्रतियोगिताको लिग चरण सकिएको छ। सोमबार सम्पन्न दुई खेलको नतिजासँगै प्रतियोगिताको पहिलो चरण पूरा भएको हो। लिग चरणका खेल सकिँदा चार टोलीले 'प्लेअफ'मा स्थान सुरक्षित गरेका छन् भने चार टोलीको उपाधि यात्रामा पूर्णविराम लागेको छ।

यसपटकको एनपिएलमा केही टोलीले सुरुआतदेखि नै सन्तुलित प्रदर्शन गर्दै आफूलाई उपाधि दाबेदारका रूपमा प्रस्तुत गरे। केही टोलीले भने अपेक्षाअनुसारको लय समात्न सकेनन्। 'ब्याटिङ' र 'बलिङ' दुवैमा प्रभावशाली देखिएका टोलीले लिग चरणमा आफ्नो वर्चस्व कायम गर्दा कमजोर प्रदर्शन गर्ने टोली भने प्रतियोगिताबाट बाहिरिएका छन्।

लिग चरणको प्रदर्शनका आधारमा सर्वाधिक सफल टोलीको सूचीमा लुम्बिनी लायन्स शीर्ष स्थानमा रह्यो। रोहितकुमार पौडेलको नेतृत्वमा रहेको लुम्बिनीले सात खेलमध्ये पाँचमा जित, एकमा हार तथा एक खेलमा वर्षाका कारण अङ्क बाँडेको थियो। यससँगै उसले सर्वाधिक ११ अङ्क जोड्दै अङ्क तालिकाको पहिलो स्थानमा रहेर लिग चरणको अन्त्य गऱ्यो। गत संस्करणको उपाधि विजेता पनि रहेको लुम्बिनीले यसपटक पनि आफ्नो प्रभावशाली प्रदर्शनलाई निरन्तरता दिएको छ। टोलीले सुरुआतदेखि नै प्रतिस्पर्धात्मक खेल प्रस्तुत गर्दै आफूलाई उपाधि रक्षाको बलियो दाबेदारका रूपमा उभ्याएको छ। कप्तान रोहितको नेतृत्वमा रहेको टोलीले ब्याटिङ र बलिङ दुवै पक्षमा सन्तुलन कायम राख्नु उसको सफलताको महत्त्वपूर्ण आधार बन्यो। अब लुम्बिनीको लक्ष्य प्लेअफमा समेत यही लयलाई निरन्तरता दिँदै लगातार दोस्रोपटक उपाधि जित्ने हुनेछ। लगातार दुई संस्करणको फाइनल खेलेको सुदूरपश्चिम रोयल्सले पनि यसपटक आफ्नो बलियो उपस्थिति कायम राखेको छ। दीपेन्द्र सिंह ऐरीको नेतृत्वमा रहेको सुदूरपश्चिमले सात खेलमध्ये पाँचमा जित र दुईमा हार व्यहोर्दै १० अङ्क जोड्यो। ऊ अङ्क तालिकाको दोस्रो स्थानमा रह्यो। सुदूरपश्चिमका लागि यो सिजन पनि निरन्तरता कायम राख्ने अवसर बनेको छ। अघिल्ला दुई संस्करणमा फाइनलसम्मको यात्रा तय गरेको टोलीले यसपटक पनि प्लेअफमा स्थान सुरक्षित गर्दै उपाधि दौडलाई जीवित राखेको छ। लगातार तीन संस्करण प्लेअफमा पुग्ने पहिलो टोली बनेको सुदूरपश्चिम यसपटक विगतका दुई फाइनलको अनुभवलाई उपाधिमा बदल्ने लक्ष्यमा हुनेछ।

यस संस्करणमा काठमाण्डु गोर्खाजको प्रदर्शन पनि उल्लेखनीय रह्यो। करण केसीको नेतृत्वमा रहेको काठमाण्डुले सात खेलमध्ये चारमा जित र तीनमा हार व्यहोर्दै आठ अङ्क जोड्यो। ऊ अङ्क तालिकाको तेस्रो स्थानमा रहँदै प्लेअफमा पुग्न सफल भयो।

काठमाण्डुले लिग चरणमा केही बलिया टोलीलाई चुनौती दिँदै आफ्नो प्रतिस्पर्धात्मक क्षमता देखाएको छ। टोलीका लागि जित र हारबीचको उतारचढाव रहे पनि निर्णायक खेलमा प्राप्त नतिजाले प्लेअफको बाटो खुला गऱ्यो।

लगातार दोस्रोपटक प्लेअफमा पुगेको काठमाण्डुले अब उपाधि यात्रालाई थप अघि बढाउन आफ्नो प्रदर्शनमा निरन्तरता दिनुपर्नेछ। प्लेअफमा स्थान बनाउने चौथो टोली चितवन राइनोजका लागि भने लिग चरण मिश्रित रह्यो। चितवनले सात खेलमध्ये तीनमा जित र तीनमा हार व्यहोर्दा एक खेल वर्षाका कारण रद्द भएको थियो। यससँगै उसले सात अङ्क जोड्दै तालिकाको चौथो स्थान हासिल गऱ्यो।

लिग चरणमा चितवनले अपेक्षाकृत स्थिर प्रदर्शन गर्न नसके पनि आवश्यक खेलमा जित निकाल्दै प्लेअफमा पुग्न सफल भयो। जित र हारको समान सङ्ख्या तथा वर्षाका कारण बाँडिएको एक अङ्कले उसको यात्रा केही उतारचढावपूर्ण बनेको देखिन्छ। अब चितवनसामु लिग चरणका कमजोरी सुधार्दै नकआउट चरणमा थप प्रभावशाली प्रदर्शन गर्ने चुनौती छ। गत संस्करणको लिग चरणमा दोस्रो स्थान हासिल गरेको विराटनगर किङ्ससका लागि भने यसपटकको एनपिएल सुखद रहन सकेन। उसले सात खेलमध्ये तीनमा मात्र जित निकाल्दा चार खेलमा पराजय व्यहोऱ्यो। अघिल्लो संस्करणमा बलियो उपस्थिति जनाएको विराटनगर यसपटक भने शीर्ष चारमा पर्न असफल रह्यो।

लिग चरणमा टोलीले अपेक्षाअनुसारको निरन्तरता कायम राख्न नसक्दा उसको प्लेअफ यात्रा समाप्त भयो। अघिल्लो संस्करणको प्रदर्शनलाई आधार मान्दा यसपटक विराटनगरबाट थप राम्रो नतिजाको अपेक्षा गरिएको थियो। तर, प्रतिस्पर्धात्मक लिगमा साना कमजोरीको मूल्य उसलाई महँगो साबित भयो।

कर्णाली याक्सका लागि पनि एनपिएलको तेस्रो संस्करण उपलब्धिमूलक बन्न सकेन। उसले सात खेलमध्ये तीनमा जित र चारमा हार व्यहोर्दै अङ्क तालिकाको छैटौँ स्थानमा रहेर प्रतियोगिता टुङ्ग्यायो। केही खेलमा प्रतिस्पर्धात्मक प्रदर्शन गरे पनि त्यसलाई निरन्तर जितमा परिणत गर्न नसक्नु कर्णालीका लागि महँगो साबित भयो। फलस्वरूप टोलीले प्लेअफमा स्थान बनाउन सकेन।

पोखरा एभेन्जर्सको एनपिएल यात्रा पनि यसपटक निराशाजनक रह्यो। सात खेलमध्ये दुईमा मात्र जित निकाल्न सफल पोखराले पाँच खेलमा पराजय व्यहोऱ्यो। चार अङ्क जोडेको पोखरा अङ्क तालिकाको सातौँ स्थानमा रह्यो। गत संस्करणमा पाँचौँ स्थान हासिल गरेको पोखराले यसपटक पनि आफ्नो प्रदर्शनमा अपेक्षित सुधार गर्न सकेन। प्रतियोगिताका तीनवटै संस्करणमा सहभागिता जनाए पनि हालसम्म प्लेअफमा स्थान बनाउन नसकेको पोखराका लागि यो निरन्तरको निराशा हो। टोलीले आगामी संस्करणमा आफ्नो खेल रणनीति र समग्र प्रदर्शनमा सुधार गर्नुपर्ने देखिएको छ। पहिलो संस्करणको उपाधि विजेता जनकपुर बोल्ट्सका लागि भने तेस्रो संस्करण सबैभन्दा निराशाजनक रह्यो। जनकपुरले सात खेलमध्ये दुईमा मात्र जित निकाल्दा पाँच खेलमा हार व्यहोऱ्यो। चार अङ्क जोडेको जनकपुर अङ्क तालिकाको अन्तिम अर्थात् आठौँ स्थानमा रह्यो। पहिलो संस्करणको उपाधि जितेर एनपिएलमा आफ्नो बलियो पहिचान बनाएको जनकपुरले त्यसपछिका संस्करणमा भने अपेक्षित प्रदर्शन गर्न सकेको छैन। गत संस्करणमा पनि अङ्क तालिकाको पुछारमा रहेको जनकपुर यसपटक पनि सोही स्थानमा सीमित भयो। लगातार कमजोर नतिजाले टोलीको आगामी यात्रालाई थप चुनौतीपूर्ण बनाएको छ। लिग चरण सकिएसँगै अब प्रतियोगिता उपाधिको निर्णायक मोडमा प्रवेश गरेको छ। चार टोलीबीच हुने प्लेअफ प्रतिस्पर्धाले यस संस्करणको विजेताको टुङ्गो लगाउनेछ। लिग चरणमा शीर्ष स्थान हासिल गरेको लुम्बिनी आफ्नो उपाधि रक्षा गर्ने लक्ष्यमा रहँदा सुदूरपश्चिम, काठमाण्डु र चितवन पनि पहिलोपटक उपाधि उचाल्ने योजनासहित मैदानमा उत्रनेछन्।

ढोरपाटनको सहायक गन्तव्य जलजला

पोखरापत्र संवाददाता
म्याग्दी, ३० कार्तिक



धवलागिरि गाउँपालिका-२ मा रहेको जलजला ढोरपाटन सिकार आरक्षको सहायक गन्तव्यका रूपमा विकास हुन थालेको छ।

सडक यातायात, प्रचारप्रसार र गोठ'स्टे' सञ्चालन भएपछि ढोरपाटन उपत्यका भ्रमणमा आएका पर्यटकहरू हिमशृङ्खला, सूर्योदय र पहाडी भूगोलको दृश्यावलोकन तथा प्राकृतिक वातावरणमा रमाउनका लागि जलजलापुग्नथालेकाहुन्।बेनीदेखि धवलागिरि गाउँपालिकाको केन्द्र मुना-खोरिया-मरेनी-जलजला-ढोरपाटन हुँदै पूर्वी रुकुमको तकसेरा जोड्ने सडकको मार्ग खुलेपछि जलजलामा आन्तरिक पर्यटक बढेका हुन्। समुन्द्री सतहदेखि तीन हजार ४१८ मिटर उचाइमा रहेको माथिल्लो जलजलामा सात वर्षदेखि 'गोठ स्टे' सञ्चालन गर्दै आउनुभएका धवलागिरि गाउँपालिका-२ लुलाडका फुलबहादुर बिकले दैनिकजसो पर्यटकहरू आउन थालेका बताउनुभयो। "यसअघि ढोरपाटनमा आएका सीमित पर्यटकहरू मात्रै जलजलामा आउने गरेका थिए," उहाँले भन्नुभयो, "म्याग्दी-ढोरपाटन र पूर्वी रुकुम जोड्ने सडकको मार्ग खुलेपछि दैनिकजसो चार/पाँच वटा गाडी तथा १५/२० वटा मोटरसाइकलमा पर्यटकहरू आउन थालेका छन्।"

बेनीदेखि १२२ किलोमिटर दूरीमा रहेको तकसेरा जोड्ने सडकको गत फागुन महिनामा मार्ग खुलेपछि पूर्वी रुकुमको पुथाउत्तरगङ्गा र बागलुङको ढोरपाटन उपत्यका घुम्न आउनेहरू जलजलादेखि मुना हुँदै फर्कने 'रुट' बनाउन थालेका धवलागिरि गाउँपालिका-२ का वडाअध्यक्ष अकप्रसाद विश्वकर्माले बताउनुभयो। मोटरसाइकल र गाडीमा यात्रा गर्नेहरूका लागि जलजला साहसिक र आकर्षक गन्तव्य बनेको छ। सात जनाको समूहमा मोटरसाइकलमा जलजला हुँदै ढोरपाटन पुगेर फर्किएका बेनीका व्यवसायी कृष्णराज पौडेलले नयाँ मार्गमा साहासिक र रोमाञ्चक यात्रा भएको अनुभव सुनाउनुभयो। जङ्गलको शिरमा समथर घाँसेमैदान। पृष्ठभूमिमा हिमालहरूकोलामोलर्कन।बिहानीमा सूर्योदय र साँझको सूर्यास्तको मनमोहक दृश्य। खुलेको आकाश। वसन्तयाममा पाखाभरि ढकमक्क फुल्ने लालीगुराँस।

वन्यजन्तु र पक्षीहरूको आवाज। शान्त र एकान्त वातावरण बस्तीदेखि टाढा रहेको जलजलाको आकर्षण हो। जलजला प्राकृतिक सौन्दर्यले भरिपूर्ण स्थान भएको रघुगङ्गा गाउँपालिका-३ मौवाफाँटका भीषण खत्रीले बताउनुभयो। "शान्त वातावरणमा, छिनछिनमा परिवर्तन हुने मौसम, शीतल हावापानी, पशु गोठहरूमा रमाउन पाउँदा समय बितेको पत्तै नहुँदोरहेछ," उहाँले भन्नुभयो, "समथर फाँटमा बसेर आँखै अगाडि देखिने हिमालको लर्कनले चित्रकारले कोरेको क्यानभासको आभास गरायो।" जलजलाबाट सिस्ने, पुथा, गुर्जा, मानापाथी, धवलागिरि, नीलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे र मनास्लु हिमाल र सूर्योदयको दृश्यावलोकन गर्न सकिन्छ। बर्खायाममा पशुगोठ, वन्यजन्तु, समथर फाँट, पहाडी भूगोल, वनजङ्गल, वसन्त ऋतुमा गुराँसे जङ्गलको अवलोकन गर्न पाउनु यहाँको अर्को विषेशता हो। गुरिल्ला र म्याग्दी हुँदै डोल्पा जाने पदमार्गमा पर्ने जलजलामा बस्ती, होटल र रेष्टुरेन्ट छैन। तल्लो र उपल्लो जलजलामा गोठमा पाहुनालाई खाना खुवाउने र बसोबासको सुविधा छ। च्याउ, दुसाका परिकार, ढकायोको सागको अचार, गाईभैँसीको दूध, दही, भेडा र खसीको मासु गोठस्टेका परिकार हुन्। क्याम्पिङ गर्ने पर्यटकले आफैँ बन्दोबस्तीको सामान लगेर जानुपर्छ। ढोरपाटनको पाखाथरबाट जलजलासम्म पुग्न कच्ची सडकमा जिप र मोटरसाइकलमा करिब एक घण्टा ३० मिनेट यात्रा गर्नुपर्छ। धवलागिरि गाउँपालिकाको केन्द्र मुनादेखि जिप र मोटरसाइकलमा दुई घण्टाको यात्रापछि जलजला पुगिन्छ। जलजला क्षेत्रको जङ्गलमा दुर्लभ वन्यजन्तु हाब्रे (रेडपान्डा)को बासस्थान भएकाले थप महत्व रहेको छ।

दुई तर्फबाट पैदलयात्रा गरेर जलजला पुग्न पाँचदेखि छ घण्टा लाग्छ। जलजला धवलागिरि गाउँपालिकाको मुना, दर, फलियागाउँ, लुलाङ, लमसुङ, खोरिया र मरेनीका बासिन्दाको चरन क्षेत्र हो। धवलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले म्याग्दीको मुना हुँदै ढोरपाटन र पूर्वी रुकुमको तकसेरा जोड्ने सडकको मार्ग खोल्नुको एउटा उद्देश्य जलजलालाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नु पनि भएको बताउनुभयो। बर्खामा अवरुद्ध सडकमा जिप र मोटरसाइकल चल्न सक्ने बनाए पनि थप मर्मतको प्रयास भइरहेको उहाँले बताउनुभयो। गत वर्ष धवलागिरि गाउँपालिकाले जलजलामा सार्वजनिक शौचालय, खानेपानी निर्माण र प्रवर्द्धनको कार्यक्रम आयोजना गरेको थियो।

गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले गुर्जा, ढोरपाटन, जलजला, मुनामालिका र ताकमकोत जोड्ने रेडपाण्डा पदमार्गको अवधारणा अघि सारेर सम्भाव्यता अध्ययनमा जुटेको बताउनुभयो। सिकार आरक्षमा पर्ने भएकाले ढोरपाटनको दृश्य अवलोकन स्थलका रूपमा विकास भएको जलजलामा पर्यटकीय पूर्वाधार विस्तार गर्न नीतिगत समस्या भएको उहाँले बताउनुभयो।

चिमखोला-सोवाङ धुरी जोड्ने पदमार्ग निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, ३० कार्तिक

म्याग्दीको रघुगङ्गा गाउँपालिका-७ चिमखोलाबाट पर्यटकीयस्थल सोवाङधुरी जोड्ने पदमार्ग निर्माण भएको छ। रघुगङ्गा गाउँपालिकाको सहयोगमा सिसर्काबाट समुन्द्रि सतहदेखि तीन हजार ८४० मिटर उचाइमा रहेको सोवाङ धुरीको दृष्य अवलोकनस्थल जोड्ने पाँच किलोमिटर पदमार्ग निर्माण भएको हो।

गाउँपालिकाले विनियोजन गरेको रु नौ लाख बजेटबाट चिमखोलाका ३० जना मजदुर पाँच सातासम्म जङ्गलमा बास बसेर डेढ मिटर फराकिलो पदमार्ग निर्माण गरेको उपभोक्ता समितिका अध्यक्ष तारा गर्बुजापुनले जानकारी दिनुभयो। "भिर र अप्ठ्यारो ठाउँमा ढुङ्गाको सिडी बनाउने, झाडी फाड्ने र माटो काटेर घोडा खच्चर हिँड्न मिल्ने गरी पदमार्ग निर्माण गरेका छौँ", उहाँले भन्नुभयो, "बस्तीबाट टाढा भएकाले मजदुर गोठ बनाएर जङ्गलमा बसेर घामपानी, झरी बादल नभनी पदमार्ग बनाएका हौँ।" म्याग्दी र मुस्ताङलाई जोड्ने धौलागिरि आइसफल पदमार्गमा समेटिएको सोवाङ धुरीबाट संसारको सातौ आठ हजार १६७ मिटर अग्लो धवलागिरि हिमालको फेददेखि चुचुरोसम्मको दृष्य अवलोकन गर्न पाउनु मुख्य विशेषता हो। सूर्योदयका साथै गुर्जा, धवलागिरि, अन्नपूर्ण, निलगिरि, मानापाथी, टुकुचे, माछापुच्छ्रे र मनास्लु हिमशृङ्खलाको अवलोकन गर्न सकिन्छ। बाग्लुङ बजार, ढोरपाटन शिकार आरक्ष, पुनहिल, मोहरेडाडा, मुल्डे, खोपारा, टोड्केका साथै म्याग्दी र पर्वत जिल्लाका ग्रामीण वस्ती, पहाडी भूगोलको मनोरम दृष्य देखिन्छ। सोवाङ धुरी जाने पदमार्गमा पर्ने जङ्गल वसन्तयाममा विभिन्न रङका लालीगुराँस फुलेर मनमोहक हुने गर्छ। घोरल, मृगलगायत जनावर र पाँच औले, सेदक चिनीलगायत जडिबुटी अवलोकन गर्न सकिन्छ। चिमखोलाको मण्डली युवा क्लबले तीन वर्षअघि चिमखोलादेखिपात्लेखेत-जसलाङ-सिजिखोला-सिजिखर्क-थामखर्क-खोलाखर्क-सिसर्का-तल्लोमेला-उपल्लोमेला- आलेखर्क-नेपाने हुँदै सोवाङ धुरी जोड्ने पदमार्ग पहिचान गरेका थिए।

सोवाङ धुरीबाट रघुगङ्गा गाउँपालिकाको बेगखोला, अन्नपूर्ण गाउँपालिकाको दोवा, भुरुङ तातोपानी, दाना र मुस्ताङको लेते जान सकिन्छ। चिमखोलादेखि हिँड्न सक्ने एक दिन र विस्तारै हिडेर दुई दिनमा सोवाङ धुरीमा पुग्न सकिन्छ। अघिल्लो पुस्तासम्म चिमखोलाबासी वर्खायाममा गाईभैँसी र भेँडाबाख्राको गोठ लिएर सोवाङधुरी पुग्ने र हिउँदमा गाउँ नजिकैको बेँसीका फाँटमा झर्ने गर्दथे। पदमार्ग र सोवाङ धुरीको प्रचारप्रसारका लागि 'दृश्यावलोकन केन्द्र' स्थापना गरिएको छ। रघुगङ्गा गाउँपालिका-७ का वडाध्यक्ष थकबहादुर पाइजाले पदमार्ग निर्माणका साथै यस वर्ष सोवाङमा पर्यटन प्रवर्द्धनका लागि थप रु तीन लाख बजेट विनियोजन भएको जानकारी दिनुभयो। चिमखोलाका मोति तिलिजापुनकापरिवारलेव्यक्तिगत लगानीमा दृष्य अवलोकन स्थलमा घेराबार निर्माण र एउटा खानेपानीको ड्रम राख्ने तयारी गर्नुभएको छ।

यसअघि चिमखोलाका तारा गर्बुजा पुन, लोकिन पुन, गोपिन पुन र हिरे पुनले काठ र जस्तापाटाको प्रयोग गरेर आश्रयस्थल भवन निर्माण गर्नुभएको छ। ओडारमा रात काट्नुपर्ने अवस्थाको अन्त्य गराउनका लागि २० जना क्षमताको आश्रयसस्थल निर्माण गरिएको हो। गर्बुजाको अगुवाइमा यसअघि सोवाङ धुरीदेखि २०० मिटर तल क्याम्पिङ गर्ने ठाउँ नजिकै पाँच/पाँच सय लिटर क्षमताको दुई वटा ड्रम राख्नुभएको थियो। वडा कार्यालयले पनि थप दुई वटा ड्रम राखेका छन्। हिउँ पग्लिएर र आकाशको पानी ड्रममा सङ्कलन हुने व्यवस्था मिलाएपछि पर्यटकका साथै गोठालालाई सुविधा पुगेको छ। वडा कार्यालयको प्रस्तावमा रघुगङ्गा गाउँपालिकाले गत वर्ष सोवाङ धुरीमा सार्वजनिक शौचालय निर्माण गरेको थियो। होटल र रेष्टुरेष्ट नभएकाले बन्दोबस्तीका सामानसहित जानुपर्छ।

चिमखोला-सोवाङ-दोवा जोड्ने पदमार्गको सर्वेक्षण गरेर चिमखोला क्षेत्रमा पर्ने सिसर्का र सिजीमा १०/१० कोठे आश्रयस्थल भवन र सिजी देखि थामखर्क जोड्ने एक किलोमिटर पदमार्ग निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) तयार पारेर सङ्घीय सरकारसँग प्रस्ताव गरिएको रघुगङ्गा गाउँपालिकाले जनाएको छ।

म्याग्दीबाट निर्वाचित प्रतिनिधीसभा सदस्यसमेत रहनुभएका विज्ञान, प्रविधि तथा नवप्रर्वतनमन्त्री महाविर पुनको पहलमा पर्यटन विभागले दोवा-सोवाङ-चिमखोला पदमार्गको गत जेठ महिनामा सम्भाव्यता अध्ययन भएको थियो। टुरिजम एजेन्सिज अफ पश्चिमाञ्चल क्षेत्रीय च्याप्टर' (टान), तत्कालीन जिल्ला विकास समिति म्याग्दीको अगुवाइमा २०६८ सालमा म्याग्दीको गलेश्वर-राखुभगवती हुँदै धौलागिरि आइसफल पदमार्गको अध्ययन गरिएको थियो। यस पदमार्गले म्याग्दीको रघुगङ्गा गाउँपालिकाको पिप्ले, भगवती, बेगखोला, दग्नाम, चिमखोला, कुइनेमङ्गले, अन्नपूर्ण गाउँपालिकाको दोबा, भुरुङ तातोपानी, दानालगायतका ठाउँको उच्च पहाडी डाँडाको धुरी हुँदै मुस्ताङको लेते जोडिएको छ।

बेनीमा डेढ महिनापछि खानेपानी आपूर्ति

पोखरापत्र संवाददाता
म्याग्दी, ३० कार्तिक

म्याग्दीको सदरमुकाम बेनीबजारमा डाँडाखर्कको मुहानबाट डेढ महिनापछि खानेपानी आपूर्ति हुन थालेको छ।

बेनी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले अन्नपूर्ण गाउँपालिका-८ रिठाखर्क र डाँडाखर्कको मुहानबाट बेनी बजारमा अस्थायी पाइप लाइन बनाएर खानेपानी आपूर्ति गर्न थालेको हो। चौध किलोमिटर लामो मुख्य पाइप लाइन मर्मत गरेर यही कात्तिक २७ गतेदेखि पानी आपूर्ति गराउन थालिएको बेनी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष रमेश गिरीले जानकारी दिनुभयो। "डेढ महिनाको प्रयासपछि प्रतिसेकेन्ड आठ लिटरका दरले पानी आपूर्ति गराउन थालेका छौँ", उहाँले भन्नुभयो, "राहुपारे-गलेश्वर र डल्लेपिपल-बेनी खण्डमा अस्थायी र वैकल्पिक पाइप लाइन निर्माण गरिएको छ।"

बेनीस्थित खोरिया र खरेनीको पाखोमा पहिरो जान थालेपछि पाइप लाइनको मार्ग परिवर्तन गरी डल्लेपिपल-कालीपुल-बेनी चक्रपथ-दरवाङ बसपार्क क्षेत्रमा करिब तीन किलोमिटर नयाँ पाइप लाइन विस्तार गर्नुपरेको अध्यक्ष गिरीले बताउनुभयो। विपद्पछि कोप्रेको मुहानबाट प्रतिसेकेन्ड तीन लिटर, वैकल्पिक अम्रेनी मुहानबाट तीन दशमलव चार लिटर र राहुवडाबाट चार लिटर पानी ल्याएर आलोपालो प्रणालीमा वितरण गरिएको थियो। अम्रेनी र वडाको वैकल्पिक मुहान सुकिसकेका छन्। वैकल्पिक मुहान सुकेकाले रिठाखर्क र डाँडाखर्ककै मुहानबाट पानी आपूर्ति गराउन पाइप लाइन मर्मत गरिएको हो। संस्थाका उपाध्यक्ष राजेन्द्र श्रेष्ठका अनुसार बेनी बजारमा प्रतिसेकेन्ड २० लिटरभन्दा बढी पानी आवश्यक पर्छ। संस्थामार्फत बेनी नगरपालिकाका वडा नं २, ७ र ८ का एक हजार २०० घरमा बसोबास गर्ने करिब २५ हजार जनसङ्ख्यालाई खानेपानी वितरण हुँदै आएको छ। मागअनुसार आपूर्ति गर्न नसकेपछि उपभोक्तालाई आलोपालो प्रणालीअनुसार टोल विभाजन गरेर खानेपानी वितरण गरिएको उपाध्यक्ष श्रेष्ठले बताउनुभयो। प्रतिसेकेन्ड २२ देखि २५ लिटरसम्म पानी आपूर्ति हुने डाँडाखर्क र रिठाखर्कका मुहानबाट पानी ल्याउने पाइप लाइन विपद्पछि बन्द भएको थियो। अन्य विकल्प तत्काल उपलब्ध नभएकाले बेनी-जोमसोम सडकको किनारैकिनार अस्थायी पाइप लाइनविस्तारगरिएकोहो।बेनीको कालीपुलदेखि बराहपाखोस्थित पानी सङ्कलन केन्द्र खण्डको पाइप लाइन खोरिया, खरेनी र बराहपाखोकोपहिरोलेजोखिममा परेपछि बजारको बाहिरी भागबाट वैकल्पिक पाइप लाइन बनाइएको संस्थाका सचिव केशवप्रसाद रेग्मीले बताउनुभयो। सचिव रेग्मीका अनुसार बेनीमा खानेपानी आपूर्ति सहज बनाउन तत्कालीन योजनाका लागि रु १४ करोड ७० लाख र दीर्घकालीन योजनाका लागि रु ७० करोड आवश्यक पर्ने लागत अनुमान तयार पारी खानेपानी तथा ढल व्यवस्थापन विभागमा प्रस्ताव पेस गरिएको छ।